आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ११ जुलाई २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय बजेट २०२४-२५ अघि नयाँ दिल्लीको नीति आयोगमा प्रमुख अर्थशास्त्रीहरूसँग बैठक गर्नु भएको छ|

२. केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले आज विश्व जनसंख्या दिवसको अवसरमा नयाँ दिल्लीमा परिवार नियोजनका लागि सुगम मोडेल पहलको अनावरण गर्नु भयो।

३. दार्जिलिङको सांसद राजु बिष्टले आज कालेबुङ जिल्ला अन्तर्गत पर्ने पैहो प्रभावित क्षेत्रहरूको भ्रमण गर्नु भएको छ।

४. मिरिक महकुमा अन्तर्गत लोहागढ़ चियाबारीको कटहर डाँगीमा खेती जमीनमा सरकारी बोर्ड लगाउन आउने हल्ला फैलिएपछि स्थानीय जनताद्वारा धरना प्रदर्शन।

५. खरसाङमा आदि कवि भानुभक्त आचार्यको 211 औं जन्म जयन्ती समारोह आयोजना गरिने भएको छ।

**प्रधानमंत्री अर्थशास्त्री बैठक**

प्रधानमंत्री नरेन्द्र मोदीले केन्द्रीय बजट 2024-25 अघि आज नया दिल्लीमा नीति आयोगका प्रमुख अर्थशास्त्रिहरुसंग बैठक गरि उनीहरुको सुझाव लिनु भएको छ। वित्तमंत्री निर्मला सीतारामनए नीति आयोगका उपाध्यक्ष सुमन बेरीए प्रधानमंत्रीका प्रमुख सचिव पी के मिश्र सहित वरिस्ठ अर्थशास्त्री अनि विशेषज्ञहरु यस बैठकमा उपस्थित हुनु हुन्थ्यो। संसदको बजट सत्र 22 जुलाईबाट शुरू हुनेछ। वित्तमंत्री निर्मला सीतारामनले 23 जुलाईको दिन लोकसभामा केन्द्रीय बजट पेश गर्नु हुनेछ। नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको यो पहिलो बजट हुनेछ।

****** ० ******

**नड्डा. जनसंख्या दिवस**

केंद्रीय स्वास्थ्य मंत्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा विश्व जनसंख्या दिवसको अवसरमा राज्य अनि केंद्र शासित प्रदेशहरु संग परिवार नियोजन अनि जनसंख्या नियंत्रणको बिषयमा वर्चुअल माध्यम द्वारा आयोजित कार्यक्रमको अध्यक्षता गर्नु भयो। कार्यक्रमको विषय **ष्मां और बच्चे के स्वास्थ्य के लिए गर्भधारण का उचित समय और अंतराल** रहेको थियो।

****** ० ******

**बिम्सटेक**

विदेश मंत्री डॉ. एस जयशंकरले आज भन्नुभयो कि भारत को लागि ,**बहु-क्षेत्रीय तकनीकी अनि आर्थिक सहयोगको निम्ति बंगालको खाड़ी पहल-** बिम्सटेक, उसको 'पडोसी पहले , 'एक्ट ईस्ट नीति' अनि 'सागर' योजनाको दृष्टिकोणको प्रतिनिधित्व गर्दछ। उहा आज नयाँ दिल्लीमा बिम्सटेकका विदेश मंत्रिहरुको दोस्रो सम्मेलनको अवसरमा बोल्दै हुनु हुन्थ्यो| उहाले यस दिशामा गरिएको सबै प्रयासहरुमा बंगालको की खाड़ी क्षेत्रमाथि विशेष ध्यान दिएको बताउ भयो|

****** ० ******

**सांसद राजु बिष्ट**

भारी वर्षा र प्राकृतिक प्रकोपको प्रभावलाई ध्यानमा राखेर पीडितहरूलाई भेट्न र अन्तरक्रिया गर्न भ्रमणहरू जारी राख्दै दार्जिलिङको सांसद राजु बिष्टले आज कालिम्पोङ जिल्ला अन्तर्गत विभिन्न प्रभावित क्षेत्रहरूको भ्रमण गर्नु भएको छ।

उहाँले मोङपोङ वन क्षेत्र, बागराकोट, पेम्लिङ फाटक, बारबोटे, निम्बोङ ग्राम पन्च्यात अन्तर्गत, कफेर, लोलेगाउँ, देउराली फाटक, गितडाबलिङ लगायत विभिन्न स्थानका मानिसहरूसँग भेटघाट र अन्तरक्रिया गर्नु भएको छ। यसको साथै सांसद बिष्टले NH-717A को साथमा पहिरोका कारण व्यापक क्षतिको निरीक्षण गर्नु भएको छ। सांसदसँगै राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेडका महाप्रबन्धक र उहाँहरूको प्राविधिक टोली पनि थिए। उनीहरुले क्षतिको विवरण समेत लिएका छन्।

****** ० ******

**विधायक निरज जिम्बा**

दार्जीलिङ विधानसभा समष्टिका विधायक निरज जिम्बाले यो वर्षाको समय तारपोलिन र अन्य सहयोगहरू प्रदान गर्ने क्रम जारी राख्नु भएको छ। दार्जीलिङ पहाडमा भारी वर्षाका कारण विभिन्न स्थानहरुमा भल पैह्रोले जनजीवन गम्भीर रुपमा प्रभावित बनेको छ। पैह्रोले धेरैका घरहरू, सडक मार्गहरू र अन्य पूर्वाधारहरुलाई व्यापक क्षति पुगेको छ। धेरै मानिसहरू विस्थापित भएका छन् र अहिले अस्थायी राहत शिविरहरुमा आश्रय लिइरहेका छन्।

यस क्रममा विधायक निरज जिम्बाले आफ्नो निर्वाचन क्षेत्र दार्जीलिङमा आपतकालीन सहयोग पुऱ्याउँदै तारपोलिन लगायत आर्थिक सहयोग साथै अन्य राहत सामग्रीहरु वितरण गरिरहनु भएको प्रेस विज्ञप्तिमा जानकारी गराउनु भएको छ। उहाँले आफ्नो विधानसभा क्षेत्रमा मात्र नभएर खरसाङ, मिरिक अनि तराईका विभिन्न क्षेत्रहरुमा पनि आपतकालीन सहयोग स्परूप तारपोलिन साथै राहत सामग्रीहरु सहयोग गरिरहेको जानकारी गराउनु भएको छ।

****** ० ******

**रिङटोङ चिया कमान**

रिङटोङ चिया कमानमा हिल प्लान्टेशन इम्प्लोइज युनियनको एउटा श्रमिक गेट सभा सम्पन्न भएको छ। सम्पूर्ण श्रमिकहरु काममा नगएर आफुले पाउनु पर्ने हक, न्युनतम हाजिरा अनि बकाया राशि खोज्दै चियाबारीको कारखाना परिसरमा पुगेका थिए। एरियर, ग्राचुटी, पीएफ गरेर लाखौं रुपियाँको कुनै हिसाब नभएर श्रमिकहरु बेहाल अनि आक्रोशित छन्। यस साल मार्च महिनामा चार्टर अफ डिमान्ड बुझाएर धेरै कुराहरु हस्ताक्षर भएता पनि प्रबन्धन अनि मालिक पक्षबाट कुनै ठोस पहल नभएपछि युनियनले प्रबन्धनसँग एउटा सभाको मांग गरेका थिए। सोही अनुसार कमानमा चियापत्ती टिपाई भएन। श्रमिक एकताका कारण आउँदो 13 जुलाई, 2024 को दिन दिउँसो 1 बजी हिल प्लान्टेशन इम्प्लोइज युनियनको प्रतिनिधि टोलीलाई मतिगढास्थित तराई इन्डिया प्लान्टरस एशोसिएसनको कार्यालयमा दुई पक्षीय सभा डाकिएको छ। उक्त सभामा कमानमा प्रत्येक डिभिजनबाट युनियनका प्रतिनिधिहरू जाने साथै आफ्नो कुरा राख्ने भएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**दार्जीलिङ गोर्खा स्टेडियम**

दार्जीलिङ गोर्खा स्टेडियम खेल मैदानलाई अझ नयाँ ढाँचामा ल्याउन युद्धस्तरमा खनन् कार्य भईरहेछको छ। दार्जीलिङ गोर्खा हिल स्पोर्ट्स एसोसिएसनको नयाँ कमिटी पूर्ण गठन भएपछि लगातार रूपमा आफ्नो शाम- दाम -दण्ड- भेद प्रयोग गरी फुटबल प्रतियोगिता असल बनाउन लगातार लागिपरेको जानकारी प्राप्त भएको छ । एसोसिएसनले प्रतियोगिता मात्र नभएर असल खेलाडीहरु निकाल्न अनि फुटबलमा दार्जीलिङको गरिमा फर्काउन आफ्नो मोटो उद्देश्य बनाएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**लोहागढ़ चियाबारीको कटहर डाँगी**

मिरिक महकुमा अन्तर्गत लोहागढ़ चियाबारीको कटहर डाँगीमा गरिखाने जमीनमा सरकारी बोर्ड लगाउन आउने हल्ला फैलिएपछि स्थानीय जनताहरूले धरना प्रदर्शन शुरु गरेका छन्। प्राप्त जानकारी अनुसार बोर्ड लगाउन आएकाहरुलाई स्थानीय मानिसहरूले विरोध जनाउँदै फर्काएका छन्। स्थानीय मानिसहरूले आफुहरुले गरिखाने पुर्खौली जमीनमा बोर्ड लगाउनु सरकारको सरासर भूल रहेको ठहर गरेका छन्। लोहागढ़वासीहरुका लागि कटहर डाँगीको जमीन पैतृक सम्पत्ति रहेको उनीहरूले बताएका छन्।

यो जमीनमा पिता पुर्खाहरूको पालोदेखि खेतीपाती गर्दै आइरहेको भन्दै स्थानीय मानिसहरूले ग्राम पञ्चायत, पञ्चायत समिति लगायत सम्बन्धित निकायले यस विषयमा ध्यानाकर्षण गर्न एकदमै जरुरी रहेको बताएका छन्।

****** ० ******

**भानु जयन्ती – खरसांग**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सूचना अनि सांस्कृतिक विभाग र गोर्खा जनपुस्ताकालय खरसाङको संयुक्त आयोजनामा यसपाली खरसाङमा आदि कवि भानुभक्त आचार्यको 211 औं जन्म जयन्ती समारोह सम्पन्न गरिने भएको छ। उक्त समारोह आगामी 13 जुलाईको दिन खरसाङको आचार्य भानु पथस्थित गोर्खा जातीय विभूति उद्यानमा बिहान आदि कवि भानुभक्त आचार्यको सालिगमा श्रध्दाञ्जली अर्पण कार्यक्रम आयोजना गरिने भएको छ। यसको अतिरिक्त उत्तरार्ध्दको कार्यक्रम अनुसार खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा आदि कवि भानुभक्त आचार्य विषयमा विविध कार्यक्रम आयोजना गरिने भएको जानकारी प्राप्त भएको छ। यसको साथै विद्यार्थीहरूलाई लिएर प्रतियोगितामूलक एंव विविध कार्यक्रम आयोजना गरिने भएको जानकारी गोर्खा जनपुस्ताकालय खरसाङको उपाध्यक्ष प्रकाश प्रधानले दिनु भएको छ।

****** ० ******

**स्वतन्त्रता दिवस कालेबुङ**

यस वर्ष कालेबुङमा ७८ औं स्वतन्त्रता दिवस भव्य रुपमा पालन गरिने भएको छ। कालेबुङ मेलाटारमा सम्पन्न हुने स्वतन्त्रता दिवस समारोह समितिको आज एक बैठक सम्पन्न भएको छ । देश स्वाधीनतीको ७८ औं वर्षगाँठ आयोजक समितिले बैठकपछि पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै समितिका मूल सचिव भुवन पी खनाल र अमीर बस्नेतले समारोहमा समावेश गरिएको विविध कार्यक्रमहरूबारे जानकारी दिनु भएको छ।

****** ० ******

**चालकहरूलाई लिएर नि:शुल्क स्वास्थ्य जाँच**

जिल्ला सडक सुरक्षा कमिटी दार्जीलिङको आयोजनामा चालकहरूलाई लिएर नि:शुल्क स्वास्थ्य जाँच अनि आँखा जाँच शिविर आज मिरिकमा सम्पन्न भएको छ। शिविरमा मिरिक सरकारी अस्पतालका बीएमओएच डाक्टर अभिजीत कुमार महान्त, डाक्टरहरू अबूल बसार लस्कर, कंकन दास, अनुपमा विश्वास आदिले चालक अनि स्थानीय मानिसहरूको नि:शुल्क स्वास्थ्य अनि आँखा जाँच गरेपछि औषधि वितरण गरिएको छ। यस अवसरमा वहन अधिकारी दयाल वर्मनले चालकहरूको स्वास्थ्य अनि आँखालाई चुस्त राख्ने सरकारको योजना अन्तर्गत उक्त शिविरको आयोजना गरिएको बताउनु बह्येको छ| उहाँले वाहन दुर्घटनाबाट चालकहरूलाई सुरक्षित राख्न पनि उक्त कार्यक्रमको उद्देश्य रहेको बताउनु भएको छ । उहाँले चालकहरूको  आँखा कमजोरी हुँदा ट्राफिकको कतिपय सिंगनलहरू हेर्न गाह्रो पर्ने हुनाले वाहन दुर्घटनाको सम्भावना रहन्छ र यसबाट सुरक्षित राख्न पनि विशेष गरी आँखा जाँच शिविरको आयोजना गरिएको बताउनु भएको छ।

****** ० ******

**गाँजा जफत**

घोषपुकुर थानाको पुलिसले सरकारी बसबाट 60 किलो गाँजा जफत गरेको छ। यस मामिलामा तीनजना आरोपीहरूलाई पनि पक्राउ गरिएको छ। पक्रा पर्ने आरोपीहरूको परिचय दिनहाटा,फालाकाटाका र मालदा निवासी रहेको जानकारी प्राप्त भएको छ। पुलिस सूत्र अनुसार गए हिजो अबेर राती फाँसीदेवाको

घोषपुकुर मोड़मा राष्ट्रिय राजमार्गमा घोषपुकुर चौकीको पुलिसले गुप्त सूचना पाएर अभियान संचालन गरेको थियो। यस अवधि सिलगढ़ीदेखि कोलकातातर्फ गइरहेको एक सरकारी बसलाई रोकेर जाँच गरियो। जाँचको क्रममा बसको केबिनभित्र तीनवटा ट्रली ब्यागमा राखिएको 60 किलोग्राम गाँजा जफत गरियो जसको अनुमानित बजार मूल्य लाखौं रुपियाँ रहेको छ।

****** ० ******

**कफ सिरपसहित पक्राउ**

जिल्लाको भारत-बंगलादेश सीमामा तैनाथ उत्तर बंगाल फ्रण्टियरको रायगंज सेक्टर अन्तर्गत 137औं बटालियन सीमा सुरक्षा बल (बीएसएफ) -को बोर्डर आउट पोस्ट (बीओपी) दुर्गापुरका सतर्क सीमा जवानहरूले एकजना भारतीय नागरिकलाई प्रतिबन्धित कफ सिरपसहित पक्राउ गरेका छन्। यस घटनाको जानकारी बीएसएफले आज एक प्रेस विज्ञप्ति जारी गरी दिएको छ। जानकारी अनुसार आरोपीलाई त्यसबेला पक्राउ गरियो जतिबेला उसले भारतदेखि बंगलादेशतर्फ तस्करी गर्ने उद्देश्यले आफ्नो ई-रिक्शा (टोटो)- मार्फत गुप्त रूपले प्रतिबन्धित वस्तुहरू लिएर गइरहेका थिए। जाँच गर्दा बीएसएफका सीमा जवानहरूले उसको ई-रिक्शाबाट 130 बोतल प्रतिबन्धित कफ सिरप फेला पार्‍यो, त्यसपछि जवानहरूले ई-रिक्सा सहित प्रतिबन्धित कफ सिरपलाई जफत गरे। उक्त भारतीय नागरिकलाई सामानसितै बालुरघाट थानामा सुम्पिइएको छ।

****** ० ******